**दक्षिणकाली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**फर्पिङ, काठमाडौं**
**३ नं प्रदेश, नेपाल**

# आर्थिक वर्ष ०७५/०७६ को ठेक्काबन्दोबस्ती सम्बन्धी बोलपत्र आव्हान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति: २०७५।०५।१० गते

३ नं. प्रदेश सरकारको आर्थिक ऐन, २०७५, स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को घ(६) को व्यवस्था, दक्षिणकाली नगरपालिकाको आन्तरीक आय संकलन (ठेक्का बन्दोबस्ती) सम्बन्धी कार्यविधि २०७५, राजस्व परामर्श समितिको सिफारिस, दक्षिणकाली नगर कार्यपालिकाको निर्णय र आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. ३ च.नं. ६४ मिति २०७५।०४।२२ को पत्र अनुसार देहायका शीर्षकमा राजश्व उठाउने काम ठेक्का बन्दोबस्ती गरी संकलन गर्न यो सूचना प्रकाशित गरिएको छ। उक्त कार्य गर्न इच्छुक फर्महरुले फर्म दर्ता एवं नवीकरण प्रमाणपत्र, कर दर्ता तथा कर चुक्ता प्रमाणपत्रका प्रतिलिपीहरु, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषणा, अख्तियारनामा (Letter of Attorney) सहित निम्न शर्तहरुको अधिनमा रही तपसिल अनुसार तोकिएको मिति, स्थान र समयमा बोलपत्र खरिद गरी दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठे.नं. | ठेक्काको विवरण | आ.व. ०७५/०७६ को लागि न्यूनतम ठेक्का रकम (भ्याट बाहेक) रु | बोलपत्र फाराम दस्तुर रु. | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | १-०७५/०७६ | दक्षिणकाली नगर क्षेत्र (साविक चाल्नाखेल, सेतीदेवी, शेषनारायण, दक्षिणकाली, टल्कु र छैमले गा.वि.स.हरु) भित्र ढुङ्गा गिटी, बालुवा, ग्रावेल र माटो लगायतका प्राकृतिक श्रोत संकलन तथा विक्री शुल्क उठाउने कार्य | २,५०,००,०००/- (दुई करोड पचास लाख मात्र) | ५,०००/- (पाँच हजार मात्र) | कबोल अंकको ५प्रतिशत |

**दररेटहरु**

| सि.नं. | विवरण | ईकाई | दर (संकलन शुल्क) | दर (विक्री शुल्क) |
|---|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, ग्राभेल, रोडा घाटगद्दी तथा विक्री (स्वीकृत खानीबाहेक) | प्रति घन फिट | रु.३/- | रु.६/- |
| २ | माटो घाटगद्दी एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घन फिट | पचास पैसा | रु.२/- |
| ३. | खानी जन्य उद्योगले आफैले संकलन गरेको बस्तुमा विक्री शुल्क मात्र लाग्नेछ। | | | |

**शर्तहरु**

१. बोलपत्र फारम खरिद अवधी मिति २०७५ असोज ८ गतेको कार्यालय समयभित्र रहेको छ भने बोलपत्र पेश गर्ने अवधि बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजे भित्र रहनेछ। दर्ता हुन आएको बोलपत्रहरु ३१ औं दिनमा दिनको २ बजे दक्षिणकाली नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्र फारामहरु खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोही समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ। बोलपत्र खरिद तथा पेश गर्न बोलपत्र दाता फर्मको प्रोपाइटर स्वयं उपस्थित हुनुपर्नेछ। उक्त कार्य गर्न आफैं उपस्थित हुन नसक्ने भएमा आधिकारीक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा दिई प्रतिनिधि खटाउन सक्नेछ।

२. बोलपत्र फाराम साथ धरौटी वापत कबोल अंक (मू.अ.कर बाहेक) को ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक फर्पिङ्ग शाखामा रहेको धरौटी खाता नं. १७००३०३००७१०४ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको बोलपत्र जमानत (विड वण्ड) पेश गर्नुपर्नेछ।

३. बोलपत्रदाताले खामको बाहिर पट्टी ठेक्काको नाम, ठेकेदारको नाम, ठेगाना, सम्पर्क नं. र दक्षिणकाली नगरपालिकाको कार्यालय, फर्पिङ भनी प्रष्ट बुझ्ने गरी लेख्नु पर्नेछ। बोलपत्र फाराममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ।

४. बोलपत्र दिंदा कुनै प्रकारको शर्त मान्य हुने छैन। साथै यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिइने छैन।

५. ठेक्का अवधि २०७६ असार मसान्तसम्म रहनेछ। उल्लेखित न्युनतम ठेक्का रकम वार्षिक भएकोले ठेक्का स्वीकृत भएको फर्मको कबोल अंकलाई बाँकी अवधीको ठेक्का रकम भएकोले ३ किस्तामा कुल कबोल रकम यस कार्यालयमा दाखिला गनुपर्नेछ।

६. ठेक्का अवधिको प्रचलित कानुन अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ।

७. कारोबार गर्दा बालश्रमको प्रयोग गर्ने र वातावरणमा प्रतिकुल असर पर्ने प्रविधि अपनाउन पाईने छैन।

८. बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसँग सम्झौता गरिसक्नुपर्नेछ। तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ।

९. ठेकेदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ। राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाईने छैन।

१०. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

११. ठेकदारले बन्द, हड्ताल र समय अभावको कारण देखाइ छुट तथा मिनाह दावी गरेमा कार्यालयले छुट दिने छैन।

१२. नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालन गर्नु ठेकेदारको कर्तव्य हुनेछ।

१३. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। विशेष अवस्थामा सूचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न सकिनेछ।

१४. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

१५. सूचना सम्बन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेवसाईट ww.dakshinkalimun.gov.np मा समेत हेर्न सकिनेछ। यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेको यस कार्यालयमा कार्यालयको समयभित्र सम्पर्क राख्न सकिनेछ।

**दक्षिणकाली नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**फर्पिङ, काठमाडौं, फोन: ०१-४७१००२८**